म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १३२ शुक्रबार ६ पुस २०८० ने. सं. ११४४ थिल्लाथ्व 22 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कमाने महोत्सवको तयारी पुरा

हेटौंडा, ५ पुस/हेटौंडा उपमहानगरपालिका-८, स्थित कमानेमा आज शुक्रबारबाट स्थानीय महोत्सव हुँदैछ । ८ नम्बर वडा कार्यालयको आयोजनामा पुस ६ र ७ गते कमाने महोत्सव हुन लागेको हो । ‘कमानेको किनौं, कमानेलाई चिनौं’ भन्ने मूलनाराका आयोजना हुन लागेको महोत्सवमा स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्य तथा वडाभित्रको स्थानीय व्यापार, व्यवसाय, साँस्कृतिक पहिचान, टोल विकास संस्थाको उत्पादन प्रवर्द्धन गर्ने उद्देश्य राखिएको महोत्सव संयोजक विष्णुप्रसाद अर्यालले जानकारी दिए । अर्यालले महोत्सवको सबै तयारी पूरा भएको जानकारी दिएका छन् । ७३ वटा व्यापारिक स्टलहरु रहने प्रदर्शनी हेटौंडा-८ कमानेको मुख्य सडकको निमचोकदेखि सागरचोकसम्मको सडक किनारा गरिने अर्यालले बताए । प्रदर्शनीमा स्थानीय उत्पादनको खानाको परिकार, साँस्कृतिक कार्यक्रमहरु समेत हुने महोत्सव आयोजक समितिले जनाएको छ । महोत्सवमा ७ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको वडाअध्यक्ष रामकृष्ण थापाले जानकारी दिए । महोत्सव अवधिभर सडकखण्डमा चल्ने सवारी साधनलाई वैकल्पिक मार्गको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

# खेलकुद तथा व्यापार महोत्सव सुरु, पहिलो दिनमै खचाखच दर्शक







साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/ हेटौंडामा बिहीवारबाट बृहत खेलकुद तथा व्यापार महोत्सव सुरु भएको छ । पहिलो दिनमै महोत्सवमा दर्शकको उल्लेखनीय उपस्थिति रहेको छ ।

हेटौंडा उपमहानगर पालिका-१०, स्थित टिसिएनचौरमा भएको महोत्सव बागमती प्रदेशकी वन तथा वातावरण मन्त्री मसिना खड्काले उद्घाटन गरेकी छन् । महोत्सवलाई सम्बोधन गर्दै मन्त्री खड्काले महोत्सवकको माध्यमबाट खेलकुद क्षेत्रको विकास गर्न चाहने पवित्र कार्यलाई प्रदेश सरकारको सदैव साथ र सहयोग रहने प्रतिबद्धता जनाएकी छन् । उनले जिल्लाकै खेलकुद विकासका लागि गरिएको कार्यक्रमलाई सबै क्षेत्रले सहयोग गर्नुपर्ने जोड दिइन् । उनले खेलकुद स्वास्थ्य र राज्यको लागि अपरिहार्य रहेको बताएकी छन् ।

‘खेलकुदले व्यक्ति स्वस्थ्य हुनु भनेको राज्यले निरोगी र तन्दुरुस्त जनशक्ति पाउनु हो, यस्ता खेल महोत्सवले खेलाडीलाई प्रोत्साहन पनि गर्छ ।’, उनले भनिन् । खेलकुद तथा व्यापार मेलाले आर्थिकरुपमा समेत सहयोग पुऱ्याउने उनले बताइन् । मेलाको क्रममा हुने विभिन्न खेलको प्रतियोगिताले खेलाडीलाई आफ्नो क्षमता देखाउने अवसर पनि हुने उनको भनाई छ । खेलकुद तथा व्यापार महोत्सवलाई जिल्लाबासीले अबसरको रुपमा लिनुपर्ने उनले बताइन् । मन्त्री खड्काले यसखाले महोत्सवको आगामी वर्षमा पनि निरन्तरता दिन अनुरोध गरिन् ।

महोत्सव मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति नेपाल संस्था काठमाडौंको संयुक्त आयोजनामा भएको हो । खेलकुद विकास समिति अध्यक्ष वेष खड्कीको सभाध्यक्षता भएको कार्यक्रममा विभिन्न धर्म संस्कृतिका झाँकी तथा महिलाद्धारा पञ्चेबाजा प्रदर्शनी गरिएको थियो । नगरक्षेत्रका विद्यालय, टोल विकास संस्था, धार्मिक तथा सामाजिक संघसंस्थाले झाँकी निकालेका थिए । खेलकुद विकास समितिको कार्यालयबाट निकालिएको ऱ्याली हेटौंडा बजार परिक्रममा गरी महोत्सवस्थल पुगेको थियो ।

महोतसव उद्घाटन समारोहमा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, हेटौंडा उपमहानगर पालिका प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, पूर्वनगर प्रमुख हरिबहादुर महत, हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपाने, वडाअध्यक्षहरु रामकृष्ण कोइराला, सुनिल मोक्तान, जुना दाहाललगायत, शिक्षाप्रेमी पुरनबहादुर जोशी, खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष सानुकुमार लामा, सुरक्षा निकायका प्रमुखहरु, विभिन्न खेलकुद सम्बन्धी संघसंस्थाका अध्यक्षहरु, खेलका प्रशिक्षकहरु, औद्योगिक शान्ति नेपाल संस्थाका प्रमुख सन्दीप महतलगायत विभिन्न युवा क्लब तथा टोल विकास संस्थाका अध्यक्षको आतिथ्यता रहेको थियो ।

महोत्सवमा कृषि, पर्यटन, हस्तकला, अटोमोबाइलका साथै बालउद्यान समेत राखिएको छ । मेलामा करिब २ सय ६० वटा स्टल रहेका छन् । महोत्सवमा दैनिक नेपालका चर्चित राष्ट्रिय कलाकार को सांगीतिक तथा मनोरञ्जनात्मक प्रस्तुती रहने आयोजकले जनाएको छ । पुस १७ गतेसम्म चल्ने महोत्सवमा दैनिक विभिन्न खेलकुद प्रतियोगिता हुनेछ । प्रतियोगिता अवधिभर १२ वटा विधामा विभिन्न खेलकुद प्रतियोगिता राखिएको खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष खड्कीले जानकारी दिए । महोत्सवमा खुला नृत्य प्रतियोगिता र लाइभ दोहोरी कार्यक्रमसमेत राखिएको जनाइएको छ ।

महोत्सवमा एथ्लेटिक्स, ब्याडि्मन्टन र तेक्वान्दोको जिल्लास्तरीय प्रतियोगिता, अन्तर जिल्ला महिला फुटबल, तेक्वान्दोको राष्ट्रिय खेल, क्युकोसिन र आइटिएफ, उसुको राष्ट्रिय खेल, हक्की, महिला राष्ट्रिय भलिबल, कबड्डी र महिला तथा पुरुषको रेस्लिङ हुने समितिका अध्यक्ष खड्कीले बताए । उद्घाटनको दिन एथ्लेटिक्स प्रतियोगिता भएको छ भने ६ पुस शुक्रबार जिल्लास्तरीय व्याड्मिन्टन प्रतियोगिता हुनेछ ।

पुस ७ गते जिल्लास्तरीय तेक्वान्दो, ८ गतेबाट अन्तरजिल्ला महिला फुटबल, ९ गते राष्ट्रिय तेक्वान्दो, १० गते क्युकोसिन र आइटिएफ, ११ र १२ गते राष्ट्रिय उसु, १२, १३ र १४ गते पिप्ले क्याम्पा रंगशालामा हक्की, १३, १४, १५ र १६ गते महिला राष्ट्रिय भलिबल प्रतियोगिता, १३ गते महिला र पुरुषको रेस्लिङ तथा १७ गते कबड्डी प्रतियोगिता तय गरिएको छ । प्रतियोगितामा विजेता तथा उपविजेतालाई ट्रफी मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको छ । खेलकुद महोत्सवबाट करिब २५ लाख रुपैयाँ बचत गर्ने खेलकुद विकास समितिले लक्ष्य राखेको छ । महोत्सवबाट प्राप्त हुने रकमबाट खेल र खेलाडीको वृत्ति विकासमा लगाउने योजना समितिको छ ।

**दौडतर्फ पुरूषमा राई, महिलामा थापा विजयी**

हेटौंडामा सुरु भएको खेलकुद महोत्सवअन्तर्गत पहिलो दिन भएको दौड प्रतियोगितामा पुरुषतर्फ सोहन राई र महिलातर्फ रेश्मा थापा विजयी भएका छन् ।

अन्य ३४ खेलाडीलाई पराजित गर्दै पुरुषतर्फ राई प्रथम भएका हुन् । दौडमा सन्तोष गौतम द्बितीय र नवराज कार्की तृतीय भए । यस्तै महिलातर्फ २६ खेलाडीलाई पछि पार्दै रेश्मा थापा प्रथम भएकी हुन् । सजिना स्याङ्तान द्बितीय र सरिता हुमागाईं तृतीय भइन् । महिला र पुरुष दुवैतर्फको प्रथम, द्बितीय र तृतीय भएका खेलाडीले क्रमशः नगद ७ हजार, ५ हजार र ३ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । शुक्रबार जिल्लास्तरीय ब्याड्मिन्टन प्रतियोगिता हुनेछ ।

# भुटनदेवी माविं राष्ट्रियसभा निर्वाचनको मतदान केन्द्र

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/ निर्वाचन आयोगले आसन्न राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदानस्थल र मतदान केन्द्र तोकेको छ ।

बिहीबार विज्ञप्ती जारी गरेर आयोगले आगामी १० माघमा हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रत्येक प्रदेशमा एउटा मतदानस्थल र सोही मतदानस्थलमा दुईवटा मतदान केन्द्र रहने गरी जम्मा ७ मतदानस्थल र १४ वटा मतदान केन्द्र तोकेको हो ।



कोशी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय विराटनगर, मधेश प्रदेशका लागि महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्र जनकपुर धाम, बागमती प्रदेशका लागि भुटनदेवी मावि प्राविधिक शिक्षालय ब्लक ‘एफ’ प्राविधिक भवन हेटौंडा, गण्डकी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय पोखरा, लुम्बिनी प्रदेशका लागि कर्मचारी मिलन केन्द्रको भवन घोराही, कर्णाली प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय सुर्खेत र सुदूरपश्चिम प्रदेशका लागि प्रदेशसभा भवन धनगढी कैलालीलाई मतदानस्थल तोकिएको छ ।

केन्द्रमा ११ माघ बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान हुनेछ । राष्ट्रियसभा सदस्य निर्वाचनका लागि २ हजार ४७ जना मतदाताले मतदान गर्न पाउने छन् । बुधबार निर्वाचन आयोगले आगामी माघ ११ गते हुने निर्वाचनको लागि बुधबार मतदाता नामावली स्वीकृत गरी मतदाताको संख्या टुंग्याएको हो । राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुने कानुनी व्यवस्था छ ।

प्रदेशसभा सदस्य ५ सय ४९ जना र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख १ हजार ४ सय ९८ जना गरी जम्मा २ हजार ४७ जनाको मतदाता नामावली स्वीकृत गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मापौडेलले जानकारी दिए । प्रदेशसभाका सदस्यको मतभार ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ निर्धारण गरिएको छ ।

यो व्यवस्था अनुसार माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचन प्रयोजनका लागि प्रदेशसभा सदस्यको कूल मतभार २९ हजार ९७ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको कूल मतभार २८ हजार ४ सय ६२ गरी जम्मा ५७ हजार ५ सय ५९ मतभार रहेको छ ।

# वडास्तरबाट भूमिसम्बन्धी अभिमुखीकरण कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/ मकवानपुरगढी गाउँपालिकाले वडास्तर बाटै भूमिसम्बन्धी अभिमूखीकरण कार्यक्रमको सुरु गरेको छ । राष्ट्रिय भूमि आयोग जिल्ला समिति मकवानपुरको समन्वयमा वडास्तर बाटै अभिमुखीकरण भइरहेको हो ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलनसम्बन्धी कार्यविधि २०७७ जारी भएपछि लगत संकलन गरिएको थियो । वडास्तरमा फारम संकलन भएका थिए । अब वृहतरुपमा फारम केलाउने आवश्यक प्रक्रिया अघि बढाउने गाउँपालिकाका भूमि शाखाप्रमुख कविराज हुमागाईले बताए । गाउँपालिकाले विहीबार वडा नम्बर ४ को वडा कार्यालयमै भूमिसम्बन्धी जानकारी गराइएको हो ।

वडाध्यक्ष अर्जुनप्रसाद तिमल्सिनाको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिन, राष्ट्रिय भूमि आयोग मकवानपुरका विज्ञ सदस्य अर्जुन प्रसाद चौलागाई, बागमती गाउँपालिकाका भूमि शाखा प्रमुख निशा ढुंगाना, वडासदस्य सुमित्रा लामिछाने, संगीता परियारलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा निशा ढुंगानाले सहजीकरण गरेकी थिइन् । कार्यक्रममा वडास्तरमा गठन गरिएको भूमिसम्बन्धी सहजीकरण समितिका सदस्य एंव वडाबासीको सहभागिता रहेको थियो ।

अभिमुखीकरण पछि कागजपत्र पूणरुपमा केलाउने र थप अपुग कागजपत्र माग गर्ने, वडाबाट सिफारिस गर्ने, अनलाईन भर्ने कार्य गर्नुपर्ने प्रमुख हुमागाईले बताए । यसअघि पालिकास्तरीय अभिमुखीकरण, वडा नं. ३ मा समेत गरिसकेका बताए । शुक्रबार वडा नम्बर ६ मा कार्यक्रम गरिने तय भएको छ । मकवानपुरगढी गाउँपालिकामा चार हजार भन्दा बढीले फारम भरेका छन् भने १७९ जनाले भने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी भनी आवेदन दिएको जनाइएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

ENTRANCE EXAMINATION
FOR THE ADMISSION TO:
MBS Master of Business Studies

ENTRANCE EXAM APPLICATION FORM DEADLINE
POUSH 06, 2080



Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np
ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा अस्पतालको स्तरवृद्धि

लामो समयसम्म 'रिफर' सेन्टरको रुपमा गुज्रिएको मकवानपुरको सरकारी अस्पताल पछिल्ला वर्षमा सुधारोन्मुख छ । यो हेटौंडाबासीका लागि गौरवको बिषय हो । राज्य पुन:संरचनापश्चात बनेको प्रदेश सरकारको निरन्तर चासोका कारण हेटौंडा अस्पताल सुधारको गतिमा अगाडि बढेको हो । विगतमा भौतिक संरचना र बजेट अभावले पर्याप्त सेवासुविधा दिन नसकेको अस्पताललाई प्रदेश सरकारको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत ल्याएपछि स्तरवृद्धिको क्रम अगाडि बढेको हो । विगतमा संघीय सरकारको ५० शैया (बेड) र अस्पताल विकास समितिको ६० गरी ११० शैयाको क्षमतामा काम गरिरहेको अस्पताललाई प्रदेश सरकारले स्तरोन्नती गर्ने निर्णय गरेको छ । प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले हेटौंडा अस्पताललाई ३०० शैयाको क्षमतामा स्तरोन्नती गर्ने निर्णय गरेपछि अस्पतालले काँचुली फेर्ने भएको छ । प्रदेश सरकारले हेटौंडा अस्पतालमा थप २ सय शैया थप्ने भएको हो ।

हाल अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको ६० शैयामा ४० थप गरेर १०० पुऱ्याउने र प्रदेश सरकारले थपेको २०० शैया गरी कुल ३०० शैयाको क्षमतामा अस्पताल सञ्चालन हुने भएको समितिले जानकारी दिएको छ । हेटौंडा अस्पताल २०२२ सालमा जिल्ला अस्पतालको रुपमा स्थापना भएको थियो । हेटौंडा अस्पताल ३०० शैयामा स्तरवृद्धि भएसँगै थप विशेषज्ञ चिकित्सकको आवश्यकता पर्दछ । विशेषज्ञ चिकित्सकको लागि सरकारले दरबन्दी सृजना गरेपछि सेवामा पनि विस्तार गर्न सकिने छ । ३०० शैया भएपछि अस्पताललाई मुटुरोग विशेषज्ञ, न्युरो सर्जन, मृगौलासम्बन्धी चिकित्सकलगायतको दरबन्दी बढाउनुपर्ने हुन्छ । अस्पताल स्तरवृद्धि भएसँगै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एमबीबीएस र एमबी अध्यापनको लागि बाटो खुलेको छ । हेटौंडा अस्पताललाई ३०० शैयाको क्षमतामा सञ्चालन गर्न पूर्वाधार पर्याप्त रहेको बताइएको छ । हेटौंडा अस्पतालको पाँच तले नयाँ भवन निर्माणाधीन रहेको छ । निर्माणाधीन भवन २०० शैयाको लागि हो । निर्माणाधीन भवन २०८२ सालभित्र सम्पन्न गर्नुपर्ने छ । अस्पताल प्रदेश मातहत आएपछि एमआरआई, सिटिस्क्यान, अत्याधुनिक प्रयोगशाला, १७ बेडको आइसियू र एचडियू सञ्चालन गरिएको छ ।

विगतमा ७ वटा बेडबाट आकस्मिक कक्ष चलाएको अस्पतालमा हाल २५ बेड रहेको छ । अस्पतालमा मनोचिकित्स वार्ड सञ्चालन हुँदैछ । हेटौंडा अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवा थप गर्ने गरी तयारी थालिएको छ । प्रदेश सरकारको ५ करोड रुपैयाँको लागतमा अस्पतालमा मिर्गौला प्रत्यारोपणको लागि आवश्यक तयारीका काम भइरहेको बताइएको छ । अस्पतालले मिर्गौला प्रत्यारोपण सेवा सञ्चालनका लागि सहिद धर्मभक्त राष्ट्रिय मृगौला प्रत्यारोपण केन्द्र भक्तपुरको प्राविधिक सहयोगमा काम अघि बढाएको हो । विदेशी दातृनिकाय यूएसएआईडीको सहयोगमा २०१६ सालमा १५ शैयाको स्थापना भएको अस्पताललाई २०२२ सालमा जिल्ला अस्पतालको रुपमा स्तरोन्नति गर्दै तत्कालीन सरकारले २५ शैयाको बनाएको थियो । २०३० देखि अस्पताल ५० शैयाको बनेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस ७ गते शनिबार, २३ डिसेम्बर २०२३ । एकादशी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:१२ । मोक्षदा एकादशी । गीता जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानि | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# संकल्प यात्रामा जे देखियो



✍ खिमलाल भट्टराई

नेपाली राजनीतिमा तरंग पैदा गर्ने लामो यात्रा यस पटक नेकपा एमालेले तय गऱ्यो । मुलुकको पश्चिमी भूभाग बैतडीको झुलाघाटबाट उक्त यात्रा आरम्भ भएको हो । २०८० मंसिर १४ देखि लगातार उन्नाइस दिनसम्म चलेको यात्रा पुस १ गते पूर्वी भूभाग पाँचथरको चिवाभन्ज्याङमा गएर समापन भएको थियो ।

**संकल्प यात्रामा जे देखियो**

यसको विशेषता राष्ट्रिय चरित्रको थियो । पार्टीविशेषले आयोजना गरेको यस अभियानमार्फत राष्ट्रिय झन्डाको सम्मान र प्रयोग गरेर दलहरू राष्ट्रका लागि हुन् भन्ने मानक मुलुकको राजनीतिमा नेकपा एमालेले स्थापित गऱ्यो ।

यो लम्बेयात्राका नेतृत्वकर्ता केपी शर्मा ओलीले यात्रा क्रममा आयोजित सभाहरूमा देशको अवस्था, अर्थतन्त्र, विकास र राष्ट्रियताका बारेमा सम्बोधन गरेका थिए । कटाक्ष र विरोध थिएन । मूलत: परिवर्तनको संस्थागत विकास, जनताको जीवनमा कसरी बदलाव ल्याउन सकिन्छ, देशलाई कसरी विकासको बाटोमा हिँडाउन सकिन्छ र राष्ट्रियतालाई कसरी बलियो बनाउन सकिन्छ भन्नेमै अध्यक्ष ओलीको सम्बोधन केन्द्रित थियो । यस अभियानमा भएका सम्पूर्ण भेटघाट, अन्तर क्रिया वा स-साना कोणसभाहरूमा पनि छलफलका विषयवस्तु यिनै थिए । समग्रमा यो यात्रा राष्ट्रिय मुद्दाहरूमा केन्द्रित थियो ।

यस अभियानमा प्रस्ट भयो– जनमत लोकतान्त्रिक गणतन्त्रको पक्षमै छन् । पछिल्लो समय देशमा जनता परिवर्तनको पक्षमा छैनन् अर्थात् गणतन्त्रको पक्षमा छैनन् भन्ने पार्न खोजिएको थियो । जनता पछाडि फर्किन चाहन्छन्, राजतन्त्र वा राजसंस्था अपरिहार्य भइसकेको छ, देश जोगाउने, विकास गर्ने र जनताको जीवन बदल्ने राजाले नै हो भन्ने मिथ्या प्रचार प्रतिगामी प्रतिक्रियावादी व्यक्ति, समूह वा कतिपय ससाना दलबाट गैरसंवैधानिक रूपमा भइराखेको थियो । गठबन्धन सरकारको अयोग्यता र अक्षमताका कारण कतै उनीहरूको कुरा सही हो कि जस्तो पनि हुन लागेको थियो । सडकहरूमा उनीहरूकै कर्कश आवाज गुन्जिरहेको थियो ।

जब एमालेको यो यात्रा आरम्भ भयो र अध्यक्ष ओलीको सम्बोधनमार्फत पार्टीले राजनीतिक परिवर्तनले स्थापित गरेका मूल्य र उपलब्धिहरूमाथि स्पष्ट विचार अगाडि सार्दै प्रतिगामी कित्ताका नाजायज कदमहरूको भण्डाफोर सुरु गऱ्यो, प्रतिगामी खेमाका सबै कुप्रचार निस्तेज बन्न पुगे । तिनीहरूको चुरीफुरी ठाउँको ठाउँ सेलाउन पुग्यो । यस यात्राको महत्त्वपूर्ण राजनीतिक उपलब्धि र सन्देश यही हो ।

जनता भिजन, मिसन र लक्ष्य केन्द्रित दलकै साथमा छन् भन्ने कुरालाई पनि यस यात्राले स्पष्ट पारेको छ । एमालेलाई समेत एउटै डालोमा हालेर भूमिका र योगदान भएका दलहरूविरुद्ध नयाँ हौं भन्नेहरूले विषवमन गरिरहेका थिए । रवि लामिछाने र त्यही प्रवृत्ति बोक्नेहरूले एक हदसम्म जनतालाई भ्रमित गर्न खोजेकै हुन् । यस यात्रामा उर्लिएको जनताको पंक्तिले उनीहरूलाई पनि निष्प्रभावी तुल्याइदिएको छ । यद्यपि संसद्, सडक र सरकार तीनै ठाउँमा उनीहरूका पछिल्ला गतिविधिले उनीहरूप्रति जनविश्वास कमजोर हुँदै गएकै थियो । नीति, विचार, सिद्धान्त, उद्देश्य र कार्यक्रम नभएकाहरूले एकछिन् त जनतालाई भ्रमित गर्लान् तर यस यात्राका क्रममा उनीहरूबाट देशको नेतृत्व सम्भव छैन भन्ने कुरा स्वयम् जनताले महसुस गरेको अनुभूति भयो ।

राजनीतिक परिवर्तनपश्चात् सफलता पूर्वक निर्माणकालको नेतृत्व लिन र आफूलाई एकताबद्ध गर्न नसकेकामा ठूला राजनीतिक दलहरूसँग जनताका गुनासाहरू छन् । यसको अर्थ जनताले उनीहरूसँग सम्बन्ध तोडिसके भन्ने किमार्थ होइन । यस यात्राका क्रममा एमालेलाई जनताले जुन स्वागत र सत्कार गरे, जुन किसिमको आस्था र विश्वास एमालेप्रति प्रकट गरे, यसबाट मौका पाउँदा एमालेले मुलुकको विकास र समृद्धिका निम्ति लिएको विशेष पहलकदमी र परिणामको छाप जनतामा छ भन्ने स्पष्ट देखिएको छ । र, स्टन्टबाजी, सामाजिक सञ्जालको महामारीका पछाडि होइन, स्पष्ट नीति, कार्यक्रम, लक्ष्यसहित सक्षम नेतृत्वसहितको पार्टीकै साथमा जनता छन् भन्ने प्रस्ट भएको छ ।

यो यात्राको अर्को सन्देश साझा पहिचानकै पक्षमा जनमत छ भन्ने हो । एकल जातीय पहिचानवादीहरूले यस यात्रालाई अवरोध सिर्जना गर्न अनेकौं हतकण्डा अपनाए । खास गरी कोशी प्रदेशमा उनीहरूले यो हर्कत गरे । सडकमा रूख ढालेर बाटो छेक्न खोजे । प्रदेश बन्दको आह्वान गरेर जनतालाई विरोधमा लैजाने कोसिस गरे । धाकधम्की दिए, आतंक सिर्जना गरे । यद्यपि यी सबैका बाबजुद यात्रा सानदार रूपमा अगाडि बढ्यो । जनताले उनीहरूका ती हर्कतहरूलाई वास्ता गरेनन् । आयोजित सभा र कार्यक्रमहरूमा जनसहभागिता व्यापक भयो ।

ओखलढुंगाको हर्कपुर, तेह्रथुमको वसन्तपुर र पाँचथरको फिदिममा आयोजित सभाहरूमा उर्लिएको जनसागरले यस कुरालाई प्रमाणित गरेर देखाइदिए । जनता मिलेर बस्न चाहन्छन् । मुलुकको बहुजातीय सामाजिक संरचनामा एकल जातीय पहिचान सम्भव छैन । साझा पहिचानको आवश्यकताको बोध जनतामा देखिनु देशकै लागि सुखद पक्ष हो । कोशी प्रदेशमा जनताले स्वयम् उपस्थित भएर त्यसको सन्देश दिए । माथि उल्लिखित राजनीतिक सन्देशहरूका अलावा अरू केही महत्त्वपूर्ण उपलब्धि र दृश्यहरूसमेत यस यात्राका क्रममा प्रकट भए ।

यस यात्राबाट जनतामा व्यापक आशा र उत्साहको सञ्चार भएको छ । यस सिलसिलामा मुलुकको सर्वाधिक लोकप्रिय पार्टी र त्यसको समग्र शीर्ष नेतृत्व पंक्तिलाई आफ्ना आँखैअगाडि भेट्न, देख्न, सुन्न र सुनाउन पाउँदा जनतामा अपार हर्षको अनुभूति प्रकट भएको सहजै देख्न सकिन्थ्यो । नेताहरू चुनावमा बाहेक गाउँ फर्किन्नन् भन्ने कुरालाई यस यात्राले खण्डन गरिरहेको थियो ।

स्थानीय समस्याहरूलाई जनताले धक फुकाएर राखिरहेका थिए । सडक, पुलपुलेसा, खानेपानी, स्कुल, अस्पताल, सिँचाइ, कृषि बजार, रोजगारी आदि समस्याहरू लिखित तथा मौखिक रूपमै पनि राखिरहेका थिए । आफ्ना दु:ख बिसाउन पाउँदा उनीहरूमा छाएको हर्षको अनुभूति अनुहारमा पढ्न सकिन्थ्यो । बडो धैर्यपूर्वक जनताका कुरा र समस्यालाई अध्यक्ष ओलीले सुनिरहेका थिए र ग्रहण गरिरहेका थिए । यात्राले गाउँबस्तीहरूलाई उल्लासमय बनाएको थियो ।

यस यात्राको अर्को महत्त्वपूर्ण उपलब्धि, मध्यपहाडी पुष्पलाल लोकमार्गको बाँकी निर्माण कार्य सम्पन्न गर्न जबर्जस्त दबाब पैदा भएको छ । पहाडी भूभाग र जनजीवनको विकासको मेरुदण्डका रूपमा रहेको यो राजमार्ग विभिन्न खण्डमा सामान्य ट्र्याक मात्रै खुलेको अवस्था छ । बसाइँसराइ र अविकासको चपेटामा परेको मुलुकको पहाडी भूभागका लागि यस सडकको महत्त्व कति छ, सहजै अनुमान गर्न सकिन्छ । तर पनि सडक निर्माणको गति असाध्यै धीमा छ ।

यस सडकमा एमालेको यात्रा हुने भएपछि सरकार र सम्बद्ध अधिकारीहरूलाई दबाब परेको होला, कम्तीमा एउटा गाडी गुड्न मिल्ने गरी भए पनि पूर्वपश्चिम सडक खुलेको थियो । १८ सय ७९ किलोमिटरको यात्रा गर्दैगर्दा सडकको अझै धेरै भाग कच्ची नै देखियो । यात्राको सन्देश र जनताको आवाज छ– सरकारले छिट्टै सडक निर्माण सम्पन्न गरोस् ।

यसका अलावा एमालेको आन्तरिक जीवनका लागि पनि सन्देशस्वरूप जनताले सडक र बस्तीहरूमा जम्मा भएर भनिदिए– हामी साथ दिन तयार छौं तर आफैंभित्र अन्तरविग्रह र घात-अन्तर्घात गरेर हाम्रो साथलाई कमजोर र असफल नबनाइदिनू । यात्रामा उपस्थित भएर जनताले एमाले पंक्तिलाई दिएको सल्लाह र चुनौती यही हो । जनताको आवाजलाई एमालेजनले ध्यान दिनु आवश्यक छ ।

अभियानका क्रममा मुलुकको वर्तमान अवस्थाको चर्चा गरियो । गठबन्धन सरकारको निकम्मापन, अक्षमताका कारण मुलुकको राजनीतिक, सामाजिक, आर्थिकसहित हरेक क्षेत्र कमजोर हुँदै गएको छ । संसदीय गणित र कांग्रेसको कमजोर राजनीतिले गर्दा भर्खरै राजनीतिक अवस्थामा बदलाव आइहाल्ने स्थिति देखिएको छैन । त्यसैले अवस्था बिग्रिँदाबिग्रिँदै पनि सुधार र परिवर्तनको बाटो खोज्न आगामी निर्वाचन कुर्नैपर्ने हुन सक्छ । त्यो राष्ट्र र जनताका लागि बाध्यात्मक परिस्थिति हो ।

आगामी निर्वाचन मुलुक र जनताका लागि असाध्यै पेचिलो छ । जनता अलमलमा पर्नु हुँदैन । सही नीति र कार्यक्रमसाथ मुलुकको गतिशील नेतृत्व एमालेबाहेक अरूबाट सम्भव छैन । त्यसैले 'मिसन ८४' एमालेको मात्रै होइन, देश र जनताको पनि मिसन बन्नुपर्छ । देशी-विदेशी तत्त्वहरूका अनेकन् घेराबन्दीलाई तोड्नुपर्छ । राष्ट्रिय शक्ति मजबुत बनाउन एमालेको अगुवाइमा जनताको पंक्ति एकजुट हुनुपर्छ । यस यात्राका क्रममा जनताले अनुमोदन गरेको एमालेको अपिल यही हो ।

यति बेला लोकप्रिय र सबैका साझा नेता 'केपी बा' भएका छन् । यस यात्राका सिलसिलामा देखिएको एउटा गज्जबको दृश्य हो– अध्यक्ष ओलीप्रति जनताको प्रेम र स्नेह । हाम्रो मुलुकमा यस स्तरमा जनताले मन पराएको सामाजिक-राजनीतिक नेतृत्व तहको व्यक्ति सायदै अर्को होला । त्यहाँ कुनै राजनीतिक आस्थाले बाँधेको छैन । उमेर समूहको सीमाबन्दी छैन । 'सबैका बा केपी बा' । बच्चाबच्ची, युवायुवती सबैका प्रिय बा । हुँदाहुँदै आफ्नै उमेर समूहकाले पनि बा भनेको सुनियो । बाजागाजा, विभिन्न संस्कृति झल्किने झाँकीहरू, फूलमाला र सजिएका घडा आदिले हार्दिकतापूर्वक स्वागतसत्कार गरेको देखियो । घरका कौशी र बार्दलीमा बसेर 'केपी बा आई लभ यु' भन्दै चिच्याइरहेको पनि देखियो, सुनियो । सडकमा बसेर हेरिरहेका, पर्खिरहेकाहरू कतिपयले 'केपी बालाई देख्नै पाइएन' भन्दै दु:खेसो पोखेको पनि सुनियो । भेटघाटहरूमा कसैले आफ्ना घरेलु उत्पादनहरू उपहार दिइरहेका थिए त कसैले आफ्नो संस्कृति झल्किने पोसाक लगाइदिइरहेका थिए ।

यात्राका क्रममा यसरी नै वडा, पालिका र जिल्लास्तरमा भएका अन्तरक्रियाहरू अधिकांशमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू सामूहिक रूपमा सहभागी भएर छलफल गरिरहेका थिए एवं माग र अवधारणा पत्र हस्तान्तरण गरिरहेका थिए । सडकमा जे देखियो, त्यसको संश्लेषण गर्दा यो यात्रा फगत यात्रा मात्रै थिएन, यो एउटा उत्सव थियो । विकासको बहस थियो र जागरण थियो ।

यात्रामा जनताबाट प्रकट भएको अपार श्रद्धा, स्नेह, प्रेम र विश्वासले अध्यक्ष ओलीलाई 'केपी बा' बनाइदिएको छ । अर्थात्, यतिखेर उनी एउटा दलका नेता मात्रै रहेनन्, देश र जनताका अभिभावक बन्न पुगेका छन् । निश्चित रूपमा यसले उनीमाथि दायित्व र अभिभारा पनि थपिदिएको छ । उनलाई सफलता मिलोस्, यसैमा देश र जनताको भलो छ !

अन्त्यमा, झुलाघाट-चिवाभन्ज्याङ समृद्धिका लागि संकल्प यात्रा सफलतासाथ सम्पन्न भएको छ । 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने यसको उद्देश्य थियो । सोही उद्देश्यबमोजिम स्थानीय जनतासँग सम्बन्ध स्थापित गर्न र राष्ट्रिय सन्देश प्रवाह गर्न यात्रा सफल छ ।

*(साभार: ई-कान्तिपुर)*

# नायक खोज्दाखोज्दै बितेको पौने शताब्दी

✍ विनोद त्रिपाठी

२०७६ मङ्सिर २६ गते रवि लामिछानेले 'द लिडर' कार्यक्रममार्फत नेता खोज्ने अभियान थाले । यो कार्यक्रममा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, राप्रपा वरिष्ठ नेता रवीन्द्र मिश्र, पूर्वप्रधानन्यायाधीश सुशीला कार्की पनि जोडिएका थिए । देशभरबाट एउटा योग्य नेता छान्ने आयोजकले बताएको थियो । पछि यो कार्यक्रम रद्द भयो र रवि लामिछाने आफैं राजनीतिक नेताका रूपमा मैदानमा आए । अन्तत: अहिले लामिछाने स्वयं चौथो नम्बरमा स्थापित राष्ट्रिय दलको सभापति बनेका छन् ।

हाल संसद्मा भएका ठूला दलहरू कुनै न कुनै क्रान्तिमार्फत उदय भएका थिए । तर, बिनाक्रान्ति सामान्य अभियानमार्फत राजनीति शक्ति प्राप्त गर्ने उदाहरण बन्यो रास्वपा । नेपालका हालका पुराना दलहरूको जन्मकुण्डली यो शताब्दीको सुरुवातदेखि नै छ । नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीको जन्म एउटै कालखण्डमा भएको थियो । आ-आफ्ना व्याख्यात्मक समाजवादका ठेली बोकेर २००० सालको पूर्वार्द्धमा उदय भएका कांग्रेस कम्युनिस्ट र यही शताब्दीको उत्तरार्द्धतिर झुल्किएका रास्वपा, जनमतजस्ता नयाँ दलहरूबिचमा निरन्तर एउटा नायकको खोजी कार्य जारी छ ।

बीपी कोइरालादेखि प्रचण्डसम्म, पुष्पलालदेखि रवि लामिछानेसम्मको अवधिमा नेपालले कुन युग भोग्यो ? के यो शताब्दी नायक खोज्दाखोज्दै नेपालले समय खेर फाल्दै हो ? कि शताब्दीको अन्त्यतिरसम्म नायकबिनै यही नयाँ पुराना समूहबाट नेपालले समृद्धि प्राप्त गरि सक्छ ? कि नेता मात्र फेला पाऱ्यौं, नायक अझै पाउन सकेनौं ? आउनुस्, यो शताब्दीको सुरुदेखि हालसम्म हामीले मुलुक निर्माणका नायक वा खलनायक के खोजी रहेछौं, संक्षिप्त चर्चा गरौं ।

सन् १९४२ मा पार्टीको अध्यक्ष भएको नाताले चिनियाँ कम्युनिस्ट पार्टीका नेता माओले जनसम्मेलनमा भनेका थिए, 'हामी समूहमा क्रान्ति गर्छौं, समूहबाट बस्ती बनाउँछौं र समूहमै अग्रगामी पाइला चाल्नेछौं । यही नै साम्यवादको मूल मन्त्र हो ।' उनले सुरुवात गरेको समूहको सर्वोच्चताले अन्तत: एउटा नायक मात्र चुन्यो, त्यो स्वयं माओ नै थिए ।

विश्व इतिहासलाई हेऱ्यो भने राजनीतिले जति सामूहिकताल'ई प्राथमिकता दिएको छ, त्यति नै व्यक्तिकेन्द्रित प्रवृत्ति जन्माएको पनि छ र परिणामत: एकजनालाई नायक तयार गरिदिएको छ । नेपालको सन्दर्भमा हेऱ्यो भने पनि त्यही लागु हुन्छ । जनयुद्धको आँधीबेरीले धेरैलाई बढाऱ्यो, परिणामत: प्रचण्डलाई नेतामा स्थापित गरिदियो । २००३ सालमा राणाविरुद्धको आन्दोलनमा धेरैले त्याग गरे, पछि बीपीलाई सत्तामा लगिदियो । राणाविरुद्धकै आन्दोलनमा धेरैले जीवन व्यतीत गरेका थिए । तर, इतिहासले कम्युनिस्ट पार्टीको नायकमा पुष्पलाललाई शिरमा राखेको छ । अर्थात् नेपालमा नेताहरूको उदय भयो तर त्यो नायक तयार भएन, जसले मुलुक निर्माणको सही बाटोमा अगुवाको काम गरोस् । जनताले अझै पनि गर्ने प्रश्न हो, अझै नायक किन फेला परेन ?

हुन त, दलहरूले आ-आफ्ना दाबी पेस गर्दै आफ्नो शासनकाल उत्कृष्ट भएको स्वघोषणा गर्छन् । एमालेको नौमहिने शासनकालप्रति स्वयं एमाले गर्व गर्दै आएको छ । एमाले तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकार ीलाई नायक मान्दै आएको छ ।

उता नेपाली कांग्रेस पनि २०१५ देखि २०१७ सम्मको उदाहरण पेस गर्छ । बीपी यो बेला प्रधानमन्त्री थिए । यता युद्धबाट संसदीय राजनीतिमा अड्डा जमाएको माओवादी पनि गौरवपूर्ण योगदानकै बखान गर्दै आएको छ । के साँच्चीकै यो शताब्दीको ८० वर्ष विभिन्न उतार चढावका बिचमै नेपाल गतिविहीन अवस्थामा गुज्रिएको हो ? यो सवाल वर्तमानमा झन् पेचिलो बनिरहेको छ ।

नायक कसलाई मान्ने ? चर्चामा आएका तर काम केही नगरेकालाई नायक मान्ने कि ! इतिहासमा कैयौं यस्ता पात्र छन्, योगदानका आधारमा होइन, मन पराइएकाले चर्चा गरिएका व्यक्ति छन् । नेपाली कांग्रेसको १२औं महाधिवेशनमा सुशील कोइरालालाई सभापति स्वीकार गर्न सक्दिनँ भनेर बौद्धिक तथा इमानदार छवि बनाएका भीमबहादुर तामाङले सुशीलकै समूहबाट विद्रोही उम्मेदवार दिएका थिए ।

२०५८ सालको भदौमा नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा भीमबहादुरले भनेका थिए, 'हाम्रो पार्टीमा व्यक्तिवाद हाबी भएकै कारण आज पार्टी विभाजन भएको हो, सबैलाई नायक हुन परेको छ !' उनका यी अभिव्यक्ति सभापति गिरिजाप्रसाद कोइरालाले रुचाएनन् र पार्टीका विभिन्न जिम्मेवारीमा भीमबहादुरलाई कहिल्यै अवसर दिएनन् । त्यतिबेला गिरिजाको नेतृत्व नेपाली कांग्रेस र शेरबहादुर देउवाको कांग्रेस प्रजातान्त्रिक अलग-अलग पार्टी थिए । भीमबहादुरले दुवै पार्टी एकीकरण गर्नुपर्ने र आफैंले आफैंलाई स्वघोषित हिरो घोषणा गर्ने काम बन्द गर्न गिरिजा र देउवालाई भनेका थिए । अर्थात्, व्यक्तिवादका यी नमुना हाम्रो राजनीतिले विगतमा धेरै बेहोरिसकेको छ ।

सबै व्यक्ति सधैं चर्चामा रहन सक्दैनन् । भीमसेन थापाको पालादेखि हालसम्म सरकार प्रमुखमा ४० जनाभन्दा बढी पदासीन भइसकेका छन् । हाल प्रचण्ड ४४औं प्रधानमन्त्री पदमा बसिरहँदा विगतमा को-को प्रधानमन्त्री थिए भन्ने बारेमा वर्तमान पुस्ताले सम्झन सक्दैन ।

एकाध जीवित पूर्वप्रधानमन्त्रीको नाम कण्ठ हुन सक्छ तर आफ्नै पालामा कुन प्रधानमन्त्री थियो भन्ने बारेमा वर्तमानका ज्युँदा वृद्ध पुस्ताका नेपालीलाई पनि सम्झना छैन । उदाहरणका लागि नगेन्द्रप्रसाद रिजाल पनि एकताका नेपालका प्रधानमन्त्री थिए भन्ने ऊबेलाको तन्नेरी हाल वृद्धावस्थामा भएका नागरिकलाई खासै भेउ छैन । यी रिजाल २०३० देखि ०३२ सालसम्म दुई वर्ष नेपालको प्रधानमन्त्री भएका थिए । पञ्चायतकालमा र ०४६ सालमा बहुदल आएपछि पनि दोहोरिएर प्रधानमन्त्री भएका व्यक्तिलाई भने हतपत कसैले भुल्न सक्दैनन् । यीमध्ये सर्वाधिक प्रधानमन्त्री पदमा बस्ने व्यक्ति हुन्, सूर्यबहादुर थापा । यी २०२१ देखि ०२३ सम्म मन्त्रिपरिषद्को अध्यक्ष, ०२३ देखि ०२५, ०३६ देखि ०४०, बहुदल आएपछि ०५४ र ०६० सालमा प्रधानमन्त्री बनेका थिए । पञ्चायत र बहुदल दुवै शासनकालमा प्रधानमन्त्री भएका अर्का व्यक्ति हुन्, लोकेन्द्रबहादुर चन्द । तर, योगदानका आधारमा हालसम्मका सरकार प्रमुखहरू सम्झना लायक कोही व्यक्ति हुन सकेका छैनन् ।

नायक हुने सुअवसर शक्तिमा पुग्नु वा नपुग्नुले निर्धारण गर्न सक्दैन । धेरै राज्यहरूलाई एकीकरण गरेका कारण पृथ्वीनारायण शाहलाई नायक मान्ने वर्तमानमा ठूलो तप्का छ । एउटा समूह बीपीलाई नायक मान्छ भने अर्को समूह छ तिनै बीपीलाई अपदस्थ गर्ने महेन्द्र शाहलाई पनि नायकै मान्छन् । जंगबहादुर कुँवरले राणा शासन सुरु गर्नुपूर्व एकजना दरबारकै ब्राह्मणलाई सरकार प्रमुखको जिम्मेवारीमा पुऱ्याएको थियो । उनी हुन्, पण्डित रङ्गनाथ पौड्याल । उनले नेपालको प्रधानमन्त्री (मुख्तियार) बनेर वि.सं १८५४ देखि ०५५ सम्म शासन गरेका थिए । तर, त्यतिबेला सबै खटनपटन दरबारबाटै हुन्थ्यो । त्यही बेलाका रणजङ्ग पाण्डेलाई पनि दरबारले दुईपटक सरकार सञ्चालनको जिम्मेवार तोकेको थियो । पछि १०४ वर्षसम्मको राणाशासन सुरु भयो । यो शासनकालका जन्मदाता जंगबहादुर कुँवर थिए । यो कार्यकाललाई स्वर्णिम युग मान्ने तप्का अझै पनि राजनीति वृत्तमा छ ।

इतिहासमा केही त्यस्ता व्यक्तित्व पनि छन्, जसले सत्ताबिनै चर्चा बटुले । राज्यशक्तिको पदमा नपुगेरै केही दशकसम्म चर्चा पाइरहने व्यक्ति मदन भण्डारी र गणेशमान सिंह हुन् । यहाँ नायक भन्ने बित्तिकै यो आलेखमा राजनीति र सत्ता वरपरका व्यक्तिका बारेमा चर्चा गरिएको हो । अन्य विविध विधामा इतिहासका हरेक कालखण्डमा ठूला योगदान दिएका नायक सधैं नागरिकका मनमा जीवित छन् नै । सत्ता र शक्ति पाएपछि नायक बनिन्छ भन्ने वर्तमान पुस्ताले बोकेको भ्रम तोड्न यो आलेखले संकेत गर्न खोजेको मात्र हो ।

२०६७ देखि ०६९ सम्म प्रधानमन्त्री भएका बाबुराम भट्टराईले कोरेको नयाँ नेपालको खाकाप्रति धेरै नेपालीमा उत्साह पैदा गरेको थियो । उनले उपत्यकाका केही सडक फराकिलो बनाउँदै गर्दा युवा जगत्मा आशा जगाएको थियो । तर, यो निरन्तरता बिचमै टुट्यो र स्वयं बाबुराम चौबाटोको राजनीतिमा अल्झिए । हुन त, राष्ट्रिय स्वाभिमानको परिभाषालाई लिएर पञ्चायतकालका अन्तिम प्रधानमन्त्री मरिचमानसिंह श्रेष्ठलाई पनि कैयौंले नायक नै मान्छन् । भारतले लगाएको नाकाबन्दीमा तेस्रो मुलुकबाट उनले नुन ल्याएर नेपालीलाई खुवाएका थिए ।

*(साभार: रातोपाटी)*

# संसद्मा प्रस्तुत बजेट संशोधनको व्यवस्था गर्न प्रस्ताव

काठमाडौं/अहिले नेपालमा संसदमा प्रस्तुत भएको राजस्व तथा व्ययको अनुमान (बजेट) संसदबाट परिमार्जन हुने प्रचलन छैन । सरकारले संसद्रुमा प्रस्तुत गरेको बजेट हुबहु पारित हुने र त्यसो हुन नसकेमा सरकार अल्पमतमा पर्ने भाष्य स्थापित छ ।

यो भाष्यलाई सरकारले आगामी आर्थिक वर्षबाटै परिवर्तन गर्ने तयारी गरेको छ । अब संसदमा प्रस्तुत बजेटमा संशोधन आवश्यक भएमा थपघट गर्न सक्ने गरी राष्ट्रिय योजना आयोगले सुझाव सहितको प्रतिवेदन बनाएको छ ।

आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठका अनुसार अब बजेटअगाडि संसदमा हुने छलफल र बजेट प्रस्तुत भइसकेपछि हुने छलफलबाट कुनै पृष्ठपोषण आएमा बजेटमा समावेश हुनसक्ने गरी आयोगले प्रस्ताव गरेको छ । यो प्रस्ताव पारित गर्न मन्त्रिपरिषद् लैजाने तयारी रहेको उनले जानकारी दिए ।

चालु आर्थिक वर्षको बजेटमा सरकारले नै संशोधन हाली त्यो पारित गरिएको थियो । जिल्ला निर्वाचन कार्यालयहरु खारेज गर्ने बजेटको प्रस्तावको सर्वत्र विरोध भएपछि त्यो व्यवस्था हटाउन सरकारले नै बजेट संशोधनको प्रस्ताव संसद्रुमा दर्ता गराएको थियो । बजेट नै संशोधन भएका यसबाहेकका अन्य उदाहरणहरु देखिँदैनन् ।

राष्ट्रिय विकास समस्या समाधान समितिको ५१ औं बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बजेट भाषण गरेपछि



त्यसमाथि परिमार्जन नहुने नेपालको प्रणाली र अभ्यासलाई आगामी आर्थिक वर्ष २०८१/८२ बाट सच्याउने घोषणा गरेका थिए । त्यसका लागि मूर्त कार्ययोजनाको मस्यौदा तयार पारी पेश गर्न आयोगलाई निर्देशन दिएका थिए ।

सो अवसरमा प्रधानमन्त्रीले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने समयबीचको अवधि छोटो हुँदा नीति तथा कार्यक्रमले निर्देशित गरे अनुसारको बजेट नआउने र आएका सुझावहरु समावेश गर्न नसकिएको बताएका थिए ।

आयोगका सदस्य तथा कार्ययोजना मस्यौदा टोलीका संयोजक डा. रामकुमार फुयालका अनुसार अब बजेट क्यालेण्डर परिमार्जन गरी नीति तथा कार्यक्रम र बजेट बीचको दूरी लामो बनाइँदैछ । यसले नीति तथा कार्यक्रममाथि संसदमा उठेका विषयलाई बजेटमा समावेश गर्न पर्याप्त समय रहने अपेक्षा गरिएको छ । अर्कोतर्फ बजेट प्रस्तुत भइसकेपछि संसदले चाहेका विषय समेत थपघट गर्ने बाटो खुल्नेछ ।

राष्ट्रिय स्रोत अनुमान समितिको बैठक १५ माघमा बसी सो महिनाभर मन्त्रालयहरुलाई सिलिङ दिने प्रचलन रहेको छ । त्यसपछि जेठ लागेसँगै संसदले दिएको समयमा राष्ट्रपतिबाट संसदको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम संसदमा प्रस्तुत गर्ने गरिन्छ । त्यसपछि अर्थमन्त्रीले बजेटका सिद्धान्त र प्राथमिकता संसदमा प्रस्तुत गर्छन् । बजेटअगाडि आर्थिक सर्वेक्षणसहितका प्रकाशनहरु संसदमा प्रस्तुत गरी १५ जेठमा बजेट प्रस्तुत गर्ने गरी संविधानमै मिति तोकिएको छ ।

**१५ फागुनमै बजेटका सिद्धान्त र प्राथमिकता संसदमा पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ मा विनियोजन विधेयक प्रस्तुत हुनुभन्दा १५ दिन अगाडि अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण संघीय संसदमा प्रस्तुत गर्ने उल्लेख छ ।

आयोगका सदस्य सदस्य फुयालका अनुसार यसमा संशोधन गरी ३ महिनाअघि (१५ फागुन) नै बजेटका सिद्धान्त र प्राथमिकता संसद्रुमा पेश गर्नुपर्ने प्रस्ताव तयार गरिएको छ । अर्कोतर्फ सोही ऐनको दफा १४ (२)मा संशोधन गर्दै आर्थिक सर्वेक्षण संघीय संसदमा पेश गर्ने मिति राजस्व र व्यय अनुमान पेश गर्नुभन्दा '७ दिन' अगाडि भनी संशोधन प्रस्ताव गरिएको छ । अर्थात्, यो प्रस्ताव पारित भयो भने आर्थिक सर्वेक्षण अब जेठ ८ मै संसदमा पेश गर्नुपर्ने हुन्छ ।

आयोगले गरेको प्रस्ताव मन्त्रिपरिषद्ले पारित गरी ऐन संशोधनको प्रस्ताव संसदमा पेश गर्नुपर्ने छ ।

**संसद्रुमा बजेटको छलफल छोटो भएको गुनासो सम्बोधन गर्न खोजिएको हो : उपाध्यक्ष**

आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले संसदमा बजेट माथिको छलफलका लागि पर्याप्त समय नभएको गुनासो आएसँगै त्यसको सम्बोधनको कोशिस गरिएको बताए । अर्कोतर्फ संसदमा छलफल भई आएका राम्रा सुझाव समेत बजेटमा राख्न नपाउने अवस्था समेत अब अन्त्य गर्न खोजिएको उनले बताए ।

रिपोर्टले गरेको प्रस्ताव पारित भएमा अर्थमन्त्रीले प्रस्तुत गर्ने बजेटका सिद्धान्त र प्राथमिकता छिटो संसदमा पुग्ने, त्यसबाट आएका सुझाव बजेटमा राखिने र नीति तथा कार्यक्रममाथि समेत पर्याप्त छलफल गर्न संसदमा समय हुने उपाध्यक्ष श्रेष्ठले जानकारी दिए । अर्कोतर्फ बजेट आइसकेपछि पनि कुनै कुनै विषयको आधारभूत मर्म सोही राखेर संसदबाट आएका सुझावलाई बजेटमा थपघट गर्न सकिने गरी कार्यविधिले सम्बोधन गर्ने उनले बताए । 'यसले बजेटमा कमा र फुलस्टप पनि चलाउन मिल्दैन भन्ने जुन धारणा छ, यो हट्छ,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# नेपाली फिल्म विहीन भए हल, विदेशी फिल्मले भरिभराउ




काठमाडौं/यस वर्षको दशैं र तिहारमा ठूला बलिउड तथा साउथ फिल्मका बावजूद नेपाली फिल्मले हलमा आफ्नो पकड बनाएका थिए । तर, यतिबेलाको परिदृश्य अलग छ । नेपाली हल नै नेपाली फिल्म विहीन छन् । एक महिनापछि गत शुक्रबार प्रदर्शनमा आएका दुई नेपाली फिल्म 'दुई कदम' र 'जम्प'ले पहिलो दिन नै दम तोडेपछि अहिले नेपालका हलमा विदेशी फिल्मको दबदबा देखिएको छ ।

तीन हप्तादेखि बलिउड फिल्म 'एनिमल'ले हल छाडेको छैन । यसबीच, बुधबारबाट हलिउड फिल्म 'आक्वाम्यान २' र बिहीबारबाट बलिउड सुपरस्टार शाहरुख खानको फिल्म 'डंकी' प्रदर्शनमा आएको छ । जसले गर्दा डेढ महिनादेखि धेरथोर हलमा टिकिरहेको निश्चल बस्नेत निर्देशित फिल्म 'दिमाग खराब'लाई पनि उतारिएको छ । पहिलो दिन नेपालका हलमा 'डंकी'को अकुपेन्सी उच्च छ ।

त्यस्तै, भोलि शुक्रबार बाट साउथ सुपरस्टार प्रभास अभिनीत फिल्म 'सलार' पनि प्रदर्शन हुँदैछ । यो फिल्मको बुकिङ ट्रेन्ड नेपालमा 'डंकी'भन्दा राम्रो छ । यही दुई फिल्मका कारण यो हप्ता कुनै नेपाली फिल्म प्रदर्शनमा आउन नसकेका हुन् । आगामी दुई हप्ता पनि हलमा नेपाली फिल्म विहीनकै स्थिति रहनेछ । किनकि, साँढेको जुधाईमा बाछाको मिचाई हुने डर नेपाली निर्माताहरुमा छ ।

पुषको तीन हप्ता दुई भारतीय फिल्मलाई एकलौटी छाडिए पनि पुष २७ गते भने दुई नेपाली फिल्म 'चित्रा' र 'पर्खि बसें तिमीलाई' एकआपसमा भिड्ने तयारीमा छन् । माघ र फागुनमा पनि यस्तै अवस्था छ । हुन त विदेशी फिल्मसँग भाग्ने तर नेपाली फिल्महरु आ-आफैं जुध्ने परम्परा नै भैसकेको छ । नेपाली फिल्म नहुँदा पनि हलको व्यापार भने विदेशी फिलमका कारण चकाचौंध देखिन्छ ।


# ५६ वर्षका अरबाज खानले दोस्रो विवाह गर्दै

एजेन्सी, मुम्बई/ बलिउड सुपरस्टार सलमान खानका भाई तथा अभिनेता अरबाज खानले दोस्रो विवाह गर्ने भएका छन् । 'बलिउड डिभा' मलाइका अरोरासँग वैवाहिक सम्बन्ध टुंगिएको ७ वर्षपछि उनले प्रेमिका सौरा खानसँग विवाह गर्न लागेका हुन् । उनले यही डिसेम्बर २४ मा विवाह गर्न लागेको भारतीय मिडियाले उल्लेख गरेका छन् । मलाइकासँग अरबाज सन् २०१६ मा कानुनी रुपमा अलगिएका थिए ।

सौरा एक प्रोफेसनल सेलिब्रेटी मेकअप आर्टिस्ट हुन् । उनले बलिउडका कयैन् सेलिब्रेटीहरुसँग काम गरिसकेकी छन् । अब उनी खान परिवारकी बुहारी बन्न लागेकी हुन् । अरबाज र सौराको पहिलो भेट फिल्म 'पटना शुक्ला'को सेटमा भएको थियो । उनीहरुले विवाह सामान्य रुपमा गर्न लागेको जनाइएको छ । विवाहमा दुई पक्षका परिवारका सीमित सदस्यहरुको मात्र उपस्थिति रहनेछ ।

५६ वर्षको उमेरमा दोस्रो विवाह गर्न लागेका अरबाजको मलाइकाबाट एक छोरा अरहान छन् । मलाइकासँग सम्बन्ध विच्छेदपछि अरबाज अभिनेत्री जर्जिया एन्ड्रियानीसँग अफेयरमा थिए । तर, पछि उनीहरुको ब्रेकअप भयो । उता मलाइका बलिउड अभिनेता अर्जुन कपूरसँग ५/६ वर्षदेखि प्रेम सम्बन्धमा छिन् । उनीहरु पनि चाँडै विवाह गर्ने योजनामा रहेको भारतीय मिडियामा चर्चा छ ।

# कोरोनाको नयाँ भेरियन्ट: सतर्कता अपनाऔं, आत्तिनुपर्दैन



काठमाडौं/कोभिड-१९ को नयाँ भेरिएन्ट 'जेएन-१' भन्दाबढी संक्रामक हुनसक्ने भएकाले सतर्कता अपनाउनुपर्ने जनस्वास्थ्य विज्ञहरूले बताएका छन् ।

हिन्दुस्थान टाइम्सका अनुसार, भारतमा पछिल्लो २४ घण्टामा ३०० जनामा संक्रमण पुष्टि भएको छ भने तीन जनाको मृत्यु भएको छ । जेएन-१ नामक नयाँ भेरिएन्ट चीन, अमेरिका, बेलायत लगायतका देशमा पनि पुष्टि भएको छ ।

सामान्यत: भाइरसले आफ्नो प्रतिलिपीकरण गर्दै जान्छ । यो प्राकृतिक पनि हो । यो अवस्थामा स-सना म्युटेसन पनि हुने गर्दछ । म्युटेसन हुँदै गएपछि भाइरसको नयाँ स्वरुपको विकास हुन्छ । जसलाई नयाँ भेरियन्टको उत्पति भएको मानिन्छ ।

कोभिड-१९ को नयाँ भेरियन्ट जेएन-१ मा परिवर्तित जिन 'स्पाइक प्रोटिन' गर्दा तीव्र र छोटो अवधिमा फैलिने सरुवा रोग विशेषज्ञ डा. शेर बहादुर पुन बताउँछन् । तर ओमिक्रोनकै सबभेरियन्ट भएकाले डेल्टाजस्तो घातक नहुने उनले बताए । डा. पुन भन्छन्, 'कोरोना विरुद्धको खोपले ओमिक्रोनबाट जति सुरक्षित र ाख्थ्यो, जेएन-१ संक्रमणले त्यसलाई घटाउने देखिँदैन ।'

अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सनका अनुसार जेएन-१ भेरियन्ट पहिलो पटक सेप्टेम्बर अमेरिकामा पत्ता लागेको थियो । यो ओमिक्रोन भेरिएन्टको 'सब भेरिएन्ट' हो । विश्व स्वास्थ्य संगठनले यसलाई 'भेरियन्ट अफ इन्ट्रेस्ट' भनेको छ र, विश्वव्यापी रुपमा फैलन सक्ने बताएको छ ।

विगतको ट्रेन्ड हेर्ने हो भने भारतमा संक्रमण फैलिएको केही समयपछि नेपालमा देखिएको थियो । अहिले भेटिएको नयाँ भेरियन्ट भारतको विभिन्न ठाँउमा देखिएकाले नेपालमा पनि फैलिने सम्भावना रहेको विज्ञहरु बताउँछन् ।

डा. पुन भने कडा खालको रुवाखोकी र ज्वरोका बिरामी बढ्दै गएकाले जेएन-१ नेपालमा फैलिएको हुनसक्ने आंकलन गर्छन् । 'केही हप्तादेखि मानिसमा कडा खालको खोकी देखिएको छ' डा. पुन भन्छन्, 'भारतमा जेएन-१ पुष्टि भएसँगै हामीकहाँ फैलिएको हुनसक्छ । तर यसबारे कुनै अनुसन्धान भएको छैन ।'

संक्रमण धेरै फैलिएपनि स्वास्थ्यमा गम्भीर खतरा कम हुने विज्ञहरुको विश्लेषण छ । धुलिखेल अस्पतालका मोलिक्युलर एन्ड जिनोमिक सिक्वेन्सिङ रिसर्च ल्याबका प्रमुख डा. राजीव श्रेष्ठ भन्छन्, 'खोपको कभरेज राम्रो भएकाले नयाँ भेरियन्टसँग अत्तिनु पर्दैन ।'

तर वृद्धवृद्धालाई वा अरु स्वास्थ्य समस्या रहेका मानिसलाई गम्भीर बिरामी बनाउनसक्ने जोखिम त छ । त्यसैले पहिला जोखिमयुक्त वर्गलाई खोप दिनुपर्ने डा. पुन बताउँछन् ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी नागरिकले मापदण्डको पालना गर्नतर्फ बढी संवेदनशील हुनुपर्ने बताउँछन् । उनका अनुसार भारतमा संक्रमण बढ्दै गएको अवस्थामा त्यसको असर चाँडै देखिने भएको मन्त्रालयले आवश्यक तयारी गर्न मातहतका अस्पताल र स्वास्थ्य संस्थालाई दिर्नेशन दिइसकेको छ ।

'केही देशमा संक्रमणका नयाँ भेरियन्ट पुष्टि हुँदै गरेको भन्दै प्रवेश विन्दुका हेल्थ डेस्क परीक्षणको आवश्यक थालिएको छ,' प्रवक्ता डा. बुढाथोकीले भने, 'मन्त्रालयले निगरानी बढाउने र खोपलाई प्राथमिकता दिनेतर्फ लागेको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# एक वर्षे बीएडको विकल्पमा त्रिविले ल्यायो नयाँ कोर्ष

काठमाडौं त्रिभुवन विश्वविद्यालयले एक वर्षे बीएडको विकल्पमा नयाँ कोर्षमा भर्ना हुनका लागि आह्वान गरेको छ ।

त्रिवि शिक्षाशास्त्र संकाय डीनको कार्यालयले एक वर्षे बीएडको विकल्पमा ल्याएको सेमेप्टर प्रणालीमा आधारित अधिस्नातक तह (पीजीडी एजुकेशन) कोर्षमा भर्ना हुन आह्वान गरेको हो । कार्यालयले अधिस्नातक कोर्ष तीन सेमेष्टरको हुने जनाएको छ ।

डीन कार्यालयको अनुसार अधिस्नातक कार्यक्रम त्रिवि केन्द्रीय क्याम्पससहित देशभरका १३ क्याम्पसमा १४ वटा विषय पढाई हुनेछ । जुनसुकै विषय लिई स्नातक गरेका उत्तीर्ण विद्यार्थीले अधिस्नातक कार्यक्रममा भर्ना हुन पाउनेछन् ।

शैक्षिक सत्र २०८०/८१ बट शुरु हुन लागेको अधिस्नातक प्रथम सेमिस्टरमा भर्नाका लागि ६ पुसदेखि ११ माघसम्म आवेदन दिन सक्नेछन् । कार्यालयले १४ माघमा प्रवेश परीक्षा सञ्चालन हुने र २१ माघबाट कक्षा सञ्चालन हुने जनाएको छ ।

# इजरायलमा मारिएका १० जनाको परिवारलाई सरकारले दियो १० लाख राहत

काठमाडौं/इजरायलमा हमास समूहको आक्रमणमा परी ज्यान गुमाएका नेपाली नागरिकका परिवारलाई सरकारले १०/१० लाख रूपैयाँ राहत दिएको छ ।

अर्थ मन्त्रालयका अनुसार मन्त्रिपरिषद्को २२ असोजको मन्त्रिपरिषद्को निर्णय अनुसार यस घटनामा परी निधन भएका नागरिकका परिवारलाई राहत स्वरुप प्रति परिवार १० लाखका दरले आर्थिक सहायता उपलब्ध गराइएको छ । यसका लागि मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई र कम निकासा दिएको मन्त्रालयको विवरणमा उल्लेख छ ।

चालु आर्थिक वर्षमा मन्त्रालयले आर्थिक सहायता वितरणका क्रममा राष्ट्रपति रामचन्द्र पौडेलको उपचारका लागि समेत ९ लाख ९५ हजार रुपैयाँ निकासा दिएको मन्त्रालयले जनाएको छ ।

गत असोजमा प्यालेस्टाइनको हमास लडाकुले इजरायलमा अप्रत्यासित आक्रमण गर्दा १० जना नेपालीको निधन भएको थियो । गाजाको किब्बुज भन्ने स्थानको आलुमिम फार्ममा प्रशिक्षणका लागि पुगेका नेपालीहरु हमासको आक्रमणमा परेका हुन् । उनीहरु सुदूरपश्चिम विश्वविद्यालयबाट इजरायल गएका थिए । उनीहरु पढ्दै कमाउँदै कार्यक्रमबाट इजरायल गएका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# मकवानपुरकी 'अप्सरा' हत्याको रहस्य ६ वर्षपछि खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/ मकवानपुरको मनहरी गाउँपालिका-३, घर भएकी नारायणी तिमिल्सिना 'अप्सरा'को हत्याको रहस्य ६ वर्षपछि खुलेको छ । हत्यामा संलग्न मुख्य आरोपित पक्राउ परेसँगै उनको हत्याको रहस्य खुलेको हो ।



मनहरीकी अप्सरा काठमाडौंको बल्खुमा ६ वर्षअघि मृत भेटिएकी थिइन् । काठमाडौंमा ज्यामी काम गर्ने अप्सराको २०७४ पुस २९ मा हत्या भएको प्रहरीको अनुसन्धान निष्कर्ष छ । मध्यरात भएको हत्यामा दुईजना संलग्न थिए । उनीहरू हुन्, धादिङको त्रिपुराशुन्दरी गाउँपालिका-३ स्थित तल्लोपोखरा घर भएका शिवराम अधिकारी र अर्घाखाँची घर भएका जगत विश्वकर्मा । ३७ वर्षीय जगतलाई प्रहरीले भारतको गोवाबाट पक्राउ गरेर काठमाडौं ल्याएको छ ।

६ वर्षपछि जगतलाई पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सोमेन्द्रसिंह राठौरले जानकारी दिए । अप्सराको हत्यापछि फरार भएका जगत भारतमा मजदुरी गरेर बसेका थिए । गोवाबाट कहिलेकाहीँ अर्घाखाँची आउजाउ गरिरहने जगतलाई उपत्यका अपराध अनुसन्धान कार्यालयले पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ । २०७४ पुस ३० मा काठमाडौं-१४ बल्खुस्थित भुवनेश्वरी मन्दिर पछाडि बोक्सीदह डाँडामा टाउको र मुखमा चोट लागेको अवस्थामा अप्सराको शव भेटिएको थियो ।

तर, लामो समयसम्म आरोपी फेला परेका थिएनन् । उपत्यका अपराध अनुसन्धान कार्यालयमा कार्यरत डिएसपी सुरक्षा केसी नेतृत्वको टिमले पुरानो फाइल पल्टाएर हत्या आरोपीलाई पक्राउ गर्न सफल भएका हुन् । हत्याको मुख्य योजनाकार शिवराम अधिकारी हुन् । ४६ वर्षीय अधिकारी नाम परिवर्तन गरेर केन्द्रीय कारागारमा थुनामा रहेको भेटिएको छ । चोरी मुद्दामा अधिकारी विरुद्ध २०७९ कार्तिक २९ मा ३ वर्ष कैद सजायको फैसला भएको एसएसपी राठौरले जानकारी दिए । उनी अर्जुन अधिकारीको नाममा केन्द्रीय कारागारमा कैद भुक्तान गरिरहेका छन् । शिवरामले लुटपाट गर्ने उद्देश्यले अप्सराको हत्या गर्ने योजना बनाएको प्रहरी अनुसन्धानको निष्कर्ष छ ।

हत्याको अनुसन्धानमा निरन्तर लागेको प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अप्सराको हत्याको ६ वर्ष पछि घटनाको रहस्य खोलेको हो । कार्यालयका प्रहरी नायवउपरीक्षक (डीएसपी) सुरक्षा केसी नेतृत्वको टोलीले हत्याका आरोपी आर्घाखाँची शितगंगा-१४ का ३७ वर्षीय जगत विश्वकर्मालाई पक्राउ गरेपछि सो घटनाको रहस्य खुलेको हो । जगतलाई पक्राउ गरेर प्रहरीले बिहीबार सार्वजनिक गरेको हो ।

# हेटौंडामा तीनदिने सडक खाना महोत्सव



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/कोरोना महामारीका कारण रोकिएको सडक खाना महोत्सवले निरन्तरता पाउने भएको छ । हेटौंडा उपमहानगर पालिकाको सहयोगमा तीन दिनसम्म सडक खाना महोत्सव आयोजना गरिने भएको छ ।

होटल एसोसिएसन मकवानपुरको आयोजनामा हेटौंडा-४, हुप्रचौरमा तीनदिन सडक खाना महोत्सव हुने भएको हो । आगामी पुस १३ गतेदेखि १५ गते हेटौंडा-४, हुप्रचौरमा सडक खाना महोत्सव आयोजना गरिने एसोसिएसनले विहीबार पत्रकार भेटघाट गरी जानकारी गराएको हो । २०६५ सालदेखि गरिँदै आएको महोत्सव २०७६ सालयता हुन नसकेकोमा यो वर्ष आयोजना गर्न लागिएको एसोसिएसनका कार्यवाहक अध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिए ।

इस्वी सम्वतको नयाँवर्षको अवसरमा एसोसिएसनले आयोजना गर्ने सडक खाना महोत्सवले स्थानीय परिकारका साथै आन्तरिक पर्यटन प्रवर्द्धन समेत हुने अपेक्षा गरिएको महर्जनले बताए । महोत्सवमा सहभागी व्यवसायीले आफ्नो सेवाको समेत प्रवर्द्धन गर्ने अवसर पाउनेछन् ।

'सडकमै जाऔं, सडकमै खाऔं, सडकमै रमाऔं' भन्ने नारा सहित आयोजना गर्न लागिएको महोत्सवमा ११ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको आयोजकले जनाएको छ । महोत्सव आयोजनामा ४० वटा स्टल रहने छ । महोत्सवमा हेटौंडा उपमहानगरपालिकाले पनि सहयोग गर्ने महर्जनले बताए । ३० हजार भन्दा बढी दर्शकको महोत्सवमा सहभागिता रहने अनुमान आयोजकको छ ।

# हेटौंडा आसपासका पर्यटकीय क्षेत्रमा पदयात्राको अबसर

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/ मकवानपुरगढी पर्यटन विकास समन्वय समितिले पुस महिनाको हरेक शनिवार पदयात्रा (हाइकिङ) को कार्यक्रम आयोजना गर्नै भएको छ । न्यूनतम शुल्क (खाना, खाजाबापतको) लिएर एकदिने पदयात्रा गर्ने अवसर उपलब्ध गराउन लागेको हो ।

पदयात्रामा सहभागीलाई मकवानपुरगढी, ढुंगेगढी, राजकुवा, कालिकादेवी मन्दिर, जुङ्गे दरबार तथा शिखर कटेरीस्थित विजयपार्कको अवलोकन गराइने बताइएको छ । आगामी पुस ७ गते शनिवारबाट साप्ताहिक पदयात्रा सुरुवात गरिने पदयात्रामा जान चाहनेका लागि हेटौंडा बजारबाट बसको ब्यवस्था गरिएको बताइएको छ । हरेक शनिबार हेटौंडाबाट बिहान ८ बजे बस छुट्ने बताइएको छ ।

मकवानपुरको ऐतिहासिक चिनारीसँग मकवानपुरगढी दरबारको इतिहास जोडिएको छ । नेपाल एकीकरणपूर्व यहाँ सेन वंशका राजाहरुले शासन गर्दथे । तत्कालीन स-साना राज्य राजौटामा विभक्त नेपालमा सेन राजाहरुको मकवानपुर राज्यमा वर्तमान नेपालको २२ जिल्ला समेटिएका थिए । मकवानपुर राज्य दक्षिणीगंगाको समथर मैदान र पूर्वमा जलपाइगुडि टिस्टासम्म फैलिएको थियो । सेन राजाहरुले करिब ३०० वर्षसम्म मकवानपुरमा शासन संचालन गरेका थिए । मकवानपुरगढी दरबार सेन राजाहरुको राजधानी थियो ।

मकवानपुरको नामाकरण उनै सेन वंशका मुकुन्द सेनसँग जोडिएको पाइन्छ । मकवानपुर जिल्लाको ऐतिहासिक धरोहरको रुपमा जीवन्त रहेको यस दरबार क्षेत्रको आसपासमा त्यसबखत निर्मित विभिन्न किल्ला, धार्मिक, ऐतिहासिक संरचनाहरु प्रशस्त मात्रामा रहेका छन् । मकवानपुरगढी, ढुङ्गेगढी, डढुवागढी तथा जुङ्गे दरबार आदि त्यसबखतका उन्नत तथा वैज्ञानिक तवरमा निर्मित संरचनाको रुपमा देख्न सकिन्छ । यस क्षेत्रमा रहेका यस्ता अनगिन्ती दरबार किल्ला तथा भग्नावशेषको अध्ययन, अवलोकन तथा ऐतिहासिक जानकारी गराउने उद्देश्यले समितिले साप्ताहिक पदयात्रा गराउन लागको जानकारी दिएका छ ।

पदयात्रामा जान चाहने पर्यटकलाई बसमा लगिने र पाँचसय रुपैयाँ शुल्क लाग्ने समितिले जनाएको छ । पदयात्रामा भीमफेदीको चिसापानीगढीदेखि मकवानपुरगढी दरबार, सानोगढी, ढुंगेगढी, भैरव डाँडा, गुम्बाडाँडालगायतका हेटौंडा क्षेत्रभित्र र आसपासका पर्यटकीय क्षेत्रमा लगिने समितिका ओकिलराज बानियाँले बताए । पदयात्राका लागि हेटौंडा उपमहानगरपालिकाले सहयोग गरेको उनले बताए ।

पदयात्रामा जना चाहनेले समितिका पदाधिकारीहरु केदारप्रसाद न्यौपाने, शंकरलाल श्रेष्ठ, उमा श्रेष्ठ, वकिलराज बानियाँसँग सम्पर्क राख्न सक्नेछन् । हरेक शनिवार बिहान ८ बजे हेटौंडाबाट मकवानपुर गढीसम्म बसमा पुगेर पदयात्राको सुरुवात गरिने र सोही दिन अपरान्ह ४ बजे हेटौंडा फर्किने ब्यवस्था मिलाइएको छ । सहभागीलाई भ्रमणका क्रममा खाजा र खानाको व्यवस्था समितिद्वारा मिलाइने बताइएको छ ।

# वडाध्यक्षलाई पितृशोक, कार्यपालिका सदस्यलाई पुत्रशोक

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/मनहरी गाउँपालिका वडा नम्बर-७ का दुईजना जनप्रतिनिधि शोकमा परेका छन् । ७ नम्बर वडाध्यक्ष ठाकुरराम तितुङका बुवा ज्ञानबहादुर तितुङको मंसीर ४ गते ८२ वार्षको उमेरमा निधन भएको हो ।

ठाकुररामका बुवा लामो समयदेखि दम रोगबाट ग्रसित थिए । पटक-पटक अस्पतालमा भर्ना हुँदै उपचार गराउँदै आएका ज्ञानबहादुरको मनहरी-७ रमन्टारस्थित घरैमा निधन भएको हो । उनको पार्थिव शरीरको बिहीवार बिहान अन्त्येष्टि गरिएको छ । अन्तयेष्टिमा नेपाली कांग्रेसका विभिन्न तह र तप्काका नेता, कार्यकर्ता सहित विभिन्न क्षेत्रका व्यक्तित्वहरुको सहभागिता थियो । अन्त्येष्टि अघि पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर सम्मान गरिएको थियो ।

यसैगरी, मनहरी गाउँ-पालिका-७ बोटेबस्तीमा घर भएका कार्यपालिका सदस्य कान्छीमाया बोट पुत्र शोकमा परेकी छन् । उनका ३० बर्षका छोरा हेमबहादुर बोटेको भारतमा निधन भएको हो । मासु प्याकिङलगायत काममा गाउँबाट गएका ७ जनामध्ये हेमबहादुरको ६ एकसाताअघि निधन भएको हो ।

# पश्चिमी क्षेत्रका इसाई धर्मावलम्बीले सम्झिए पुराना दिन

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/ मकवानपुरको पश्चिम क्षेत्रका गाउँहरुमा इसाई धर्मको बिस्तार हुँदाताका भएको सरकारी दमन र बहिस्करण बारे क्रिश्चियन अगुवाहरुले सम्झना गरेका छन् ।



मनहरी गाउँपालिका-७ मनहरीमा क्यापिटोल मिनिस्ट्री नेपालले क्रिसमस र अँग्रेजी नयाँ वर्षको अबसरमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै क्रिश्चियन अगुवाहरुले धार्मिक स्वतन्त्रता नहुँदाका काला दिनको सम्झना गरेका हुन् । सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीका संस्थापक एबम् इसाइ धर्म प्रचारक ऋषिराम आचार्यले २०२१ सालबाट पश्चिम मकवानपुरमा क्रिश्चियन धर्मको सुरुवात भएको सम्झना गरे । उनले न्युजिल्याण्डबाट २०२४ सालमा डाक्टर राशखोली नामका व्यक्ति आएर राक्सिराङको माइसिराङमा बसेर चेपाङ जातिको बारेमा अनुसन्धान गरेको कुरा सम्झिए ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिं लामाले कुनैपनि धर्मप्रति अगाध विश्वास र माया गर्नु भनेकै आफैमाथि विश्वास गर्नु रहेको बताए । उनले सबै धर्म, जाति, समुदाय समान रहेकाले धर्म निरपेक्ष मुलुकमा कुनै पनि धर्मको आधारमा भेदभाव गरिन नहुने बताए । कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङले अब अन्य जातीय आयोग झैं धार्मिक आयोग गठन हुनुपर्नेमा जोड दिए । क्यापिटोल मिनिस्ट्री नेपालले आगामी दिनमा राजनीतिक व्यक्तित्वसँग छलफल गरेर अघि बढ्ने प्रण गरेकोमा उनले धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा संविधानसभा सदस्य गोविन्दराम चेपाङ, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेती, नेकपा माओवादी केन्द्रका बागमती प्रदेश सचिवालय सदस्य बीरबहादुर घलान ज्वाला, नेकपा एमाले मकवानपुरका उपाध्यक्ष लालबहादुर थापा, नेपाली कांग्रेस मनहरीका सभापति प्रकाश बतौला, नेपाल चेपाङ संघ बागमती प्रदेश अध्यक्ष खुशीलाल चेपाङ, फादर सुनिल मोक्तान, बरिष्ठ पास्टर कृष्णबहादुर चेपाङ, मकवानुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका अध्यक्ष गणेशमान मानन्धरलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# बागमती प्रदेशको कृषिसम्बन्धी विधेयकमाथि छलफल

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/बागमती प्रदेशको कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि गैरसरकारी संस्थाको समन्वयमा छलफल भएको छ ।

बागमती प्रदेशसभामा विचाराधीन अवस्थामा रहेको यो विधेयकमा दिगो कृषिमा आधारित विकेन्द्रित कृषि संरचना, आयात प्रतिस्थापन जोडिनु पर्ने सुझाव दिइएको छ । खाद्यका लागि कृषि अभियानले विधेयकमाथि छलफल गरेको हो । विधेयक माथिको नागरिक प्रस्तावना पेस गर्दै खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले कृषिप्रधान देश भएतापनि देशले धेरै विषयहरु गुमाउँदै गएको बताए । विधेयकको प्रस्तावनाबाटै संशोधन गर्नका लागि अधिकारीले आग्रह गरे ।

राष्ट्रिय कृषक समूह महासंघकी महासचिव रिता वास्ताकोटीले खाना, खेतीपातीको क्षेत्रमा रहेका वर्तमान संकटमाथि प्रकाश पार्दै दिगो कृषिमा आधारित विकेन्द्रित कृषि संरचना र आयात प्रतिस्थापनमा जोड दिनुपर्ने उल्लेख गरिन् । छलफलमा बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठक, शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सदस्यहरु श्रीराम लामिछाने, वसन्त मानन्धर, उर्मिलाकुमारी लामा, रघुनाथ महर्जन, संगीता खड्गी, मीना पराजुली पोखरेल, धनेश्वरी प्रजापति, विन्दु श्रेष्ठ, सकुन्तला श्रेष्ठलगायतको उपस्थिति थियो ।

## सूचना ! सूचना ! सूचना !

यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं बार्षिक साधारण सभा २०८० माघ २० गते राखिएको हुदाँ यस संघमा दर्ता हुनु भएका निर्माण व्यवसायीहरुले २०८० पुस २० गते सम्ममा अनिवार्य रुपमा नवीकरण गरिसक्नु हुन यसै सूचना मार्फत जानकारी गरिन्छ । साथै नवीकरण नभएका फर्म/कम्पनीहरुलाई साधारण सभामा भाग लिनको लागि अनिवार्य रुपमा २०८० पुस २० गते सम्ममा नवीकरण गर्नु हुन समेत सुचित गरिन्छ ।

राजेन्द्र प्रसाद चौलागाईं
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

## सूचना ! सूचना ! सूचना !

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र बागमती प्रदेश, हेटौंडाको आर्थिक सहयोग तथा नेपाल उद्यमी विकास परामर्श केन्द्र प्रा. लि. चितवनको व्यवस्थापनमा नि:शुल्क तालिम संचालन हुन गईरहेको हुँदा इच्छुक युवाहरुलाई आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तालिमको नाम:** एडभान्स ब्युटिसियन
**तालिम संचालन हुने स्थान:** मनहरी-६, लोथर, मकवानपुर
**अवधि:** ३२ दिन (१६० घण्टा )
**सहभागी संख्या:** २५ जना
**आवश्यक कागजातहरु:** नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि र २ प्रति फोटो

**सम्पर्क:**
**युवा जागृति क्लब, मनहरी-६, लोथर**
मो. न. ९८४५०५६०५१

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न
बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०
हेटौंडा आऔं
पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर
स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१
मुख्य आकर्षणहरु :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,
दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित
प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०
मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौडा
आयोजक
औद्योगिक शान्ति नेपाल संस्था



साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना